मिति: २०८१/०६/१५
समय: बिहान ८.०० बजे
स्थान: नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिल:-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री महेश रिमाल | प्रवक्ता एवं वडा अध्यक्ष | |
| ४ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | श्री बुद्धमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | Ambika |
| २० | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

## निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०६/१० गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

अविरल वर्षाका कारण नगरपालिका भित्रका विभिन्न स्थानहरूमा भएको विपदजन्य घटनामा परी मृत्युहुनु भएका मृतकहरू प्रति हार्दिक श्रद्धाञ्जली, शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना तथा घाईतेहरूको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

विपदजन्य घटना सम्बन्धमा छलफल गर्दा तत्काल राहत र पुर्निर्माणमा जुट्ने निर्णय गरियो ।

निर्णय नं. ४

मिति २०८१/०६/११ गतेको अविरल वर्षाका कारण पहिरो गई नागार्जुन नगरपालिका भित्र बसोबास गर्ने मृतक प्रति व्यक्ति क्षतिपुर्ति स्वरूप राहत रू. २ लाख यस नगरपालिकाको **प्रकोप व्यवस्थापन कोषबाट खर्च** हुने गरी भुक्तानी दिने निर्णय गरियो । साथै बडा नं. ६ को पहिरोमा परी घाईते भएका बिरामीहरू हाल मनमोहन अस्पतालमा उपचार भई रहेकोमा निजहरूको उपचार खर्च यस नगरपालिकाको **प्रकोप व्यवस्थापन कोषबाट** खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो । निज मृतक तथा उपचारार्थ रहेका व्यक्तिहरूको विवरण राहत उपलब्ध गराउनको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश, हेटौंडा तथा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा माग गर्ने निर्णय गरियो ।

तपसिलः

मृतकको विवरणः

| सि.नं. | नाम, थर | वर्ष | महिला/ पुरूष | मृत्यु भएको हालको ठेगाना | मृतकको स्थायी ठेगाना | मृत्यु भएको मिति |
|---|---|---|---|---|---|---|
| १ | श्री संचिन कुमार साह | ४० | पुरूष | नागार्जुन न.पा. ६ | अग्नीसायर कृष्णशरण गा.पा. २, सप्तरी | २०८१/०६/१२ |
| २ | आयुस साह | १५ | बालक | नागार्जुन न.पा. ६ | अग्नीसायर कृष्णशरण गा.पा. २, सप्तरी | २०८१/०६/१२ |
| ३ | राजन मिझ्मार मोक्तान | १० | बालक | नागार्जुन न.पा. ६ | कैलाश गा.पा.३, मकवानपुर | २०८१/०६/१२ |
| ४ | सुनिता दोङ्ग | १८ | महिला | नागार्जुन न.पा. ६ | कैलाश गा.पा.३, मकवानपुर | २०८१/०६/१२ |
| ५ | आरएस मालमुल | ६ | बालक | नागार्जुन न.पा. ६ | सिरान चोक गा.पा.४, गोरखा | २०८१/०६/१२ |

घाईतेको विवरण: हाल मनमोहन अस्पतालमा उपचारार्थ

| सि.नं. | नाम, थर | वर्ष | महिला/पुरूष | स्थायी ठेगाना | हालको ठेगाना |
|---|---|---|---|---|---|
| १ | पुकार साह | १० | पुरूष | अग्नीसायर कृष्णशरण गा.पा. २, सप्तरी | नागार्जुन न.पा. ६ |
| २ | आयुष मालमुल | १० | पुरूष | सिरान चोक गा.पा.४, गोरखा | नागार्जुन न.पा. ६ |

निर्णय नं. ५

अविरल वर्षाको कारणले भएको पहिरोका कारण नागार्जुन नगरपालिका अन्तर्गत तपसिलका वडाहरूमा कृषि तथा पशुजन्य क्षेत्रमा भएको क्षतिको सम्बन्धमा बागमती प्रदेश सरकारमा क्षतिपूर्तिको लागि लेखि पठाउने निर्णय गरियो ।

निर्णय नं. ६

हाल मिति २०८१/०६/११ गतेदेखि भई रहेको अविरल वर्षाका कारण नगरपालिका क्षेत्रभित्र विभिन्न स्थानहरूमा बाढी एवम् पहिरोबाट पिडित परिवारलाई सम्बन्धित वडा कार्यालय मार्फत तत्काल राहत सामाग्री उपलब्ध गराउनको लागि यस नगरपालिकाको **प्रकोप व्यवस्थापन कोषबाट** खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ७

नगरपालिका क्षेत्र भित्र विपद्जन्य प्रकोपका कारण ज्यान गुमाएका व्यक्तिहरूको उद्धार गर्नको लागि नेपाली सेना, सशस्त्र प्रहरी बल एवम् नेपाल प्रहरीसँग उद्धार सामाग्रीको अभाव भएका कारण उद्धार कार्यमा ढिलाई एवम् कठिनाई भएकोले सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिका कार्यालयबाट उद्धार सामाग्रीहरू खरिद तथा भाडामा लिई उद्धार कार्यमा सहजिकरण गर्न यस नगरपालिकाको **प्रकोप व्यवस्थापन कोषबाट** खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ८

पहिरोका कारण सडक अवरूद्ध भई यातायात आवागमन बन्द भएका स्थानहरूमा यातायात सुचारू गर्नको लागि नगरपालिकामा हाल १ वटा मात्र डोजर रहेकोले सो डोजरले मात्र कार्य गर्न कठिनाई भएकोले तत्कालै आवश्यक ठाउँहरूमा प्राविधिक लागत अनुमान स्वीकृत गरी कार्य गर्नको लागि आवश्यकता अनुसार डोजर, टिपर, अन्य औजार लगायतका सामाग्रीहरू भाडामा लिई कार्य गरेवापतको रकम यस नगरपालिकाको **प्रकोप व्यवस्थापन कोषबाट** खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

पहिरोका कारण जोखिम बढ्न गई बसोबास विहिन हुने अवस्था भएका तथा मनमोहन अस्पतालमा उपचारत रहेका बिरामीहरूको आफन्तसँग खाने र बस्ने सुविधा नभएको हुदाँ तत्कालको लागि यस नगरपालिका वडा नं. १ स्थित सामुदायिक आवास भवनमा बासस्थान र खानपानको व्यवस्था मिलाउने निर्णय गरियो ।

निर्णय नं. १०

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित स्वास्थ्य संस्थाहरूले कम्पनीहरूले संस्था सञ्चालनको लागि इजाजत दर्ताको लागि निवेदन दिएकोमा **नागार्जुन नगरपालिकाको स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण सम्बन्धी निर्देशिका,** २०८१ को सिफारीस समितिको मिति २०८१/०६/१३ को निर्णयबाट उपयुक्त देखि अनुमति पत्रका लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित संस्थाहरूलाई इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो । तपसिलः

१. श्री सि एण्ड सि हेल्थ केयर सेन्टर प्रा.लि., ना.न.पा. ४ ।

२. लिगलिग गोर्खाली हेल्थ एण्ड होम केयर, ना.न.पा. १ ।

३. हिमाल प्याथो ल्याव एण्ड डायग्नोन्टिक सेन्टर, ना.न.पा. १० ।

निर्णय नं. ११

हाल नागार्जुन नगरपालिका वडा नं. २ बसोबास गर्ने सहनशिला पुलामी मगरले यस नगरपालिकामा निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेकोले आर्थिक खर्च जुटाउन कठिनाई भएको भनि मिति २०८१/०६/०९ मा यस नगरपालिकामा निवेदन पेश गरेकोमा निजलाई छात्रवृत्ति स्वरूप रकम रू.९९,०००/- (उनान्सय हजार) मात्र यस नगरपालिकाको **खर्च शिर्षक नं. २७२११ छात्रवृत्ति शिर्षकमा** विनियोजित रकमबाट खर्च हुने गरी सम्बन्धित कान्तिपुर डेन्टल कलेज टिचिङ्ग हस्पिटल एण्ड रिचर्स सेन्टर, काठमाडौंको नाममा भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

नागार्जुन नगरपालिकामा कार्यरत मृतक श्री सुमा के.सी. तत्कालिन सीतापाइला गाउँ विकास समितिको कार्यालय सीतापाइला मा मिति २०६४।०३।३२ देखि प्रशासन सेवाको सहायकस्तर तेस्रो तहमा स्थायी नियुक्ति भई कार्यरत रहेकोमा मिति २०८१।०५।२३ मा निधन भएकोले निजको जम्मा सेवा अवधि १७ बर्ष १ महिना २१ दिन हुने देखिएको हुँदा स्थानिय स्वायत्त शासन नियमावली, २०५५ (संसोधन सहित) को सञ्चित घर विदा, सञ्चित बिरामी विदा, सञ्चित उपचार खर्च र उपदान बापतको रकम निजको हकवालालाई नागार्जुन नगरपालिकाको कर्मचारी कल्याण कोषबाट् भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १३

नागार्जुन नगरपालिका भित्र अविरल वर्षाका कारण विभिन्न स्थानमा पहिरो गई धनजनको क्षति भएको विवरण संलकन, क्षतिको आंकलन गरी सोको प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नको लागि तपसिलमा उल्लेखित पदाधिकारी तथा कर्मचारीहरूको ११ सदस्यीय समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| संयोजक | प्रवक्ता एवम् वडा अध्यक्ष | श्री महेश रिमाल |
| सदस्य | वडा अध्यक्ष | श्री उमेश लामा |
| सदस्य | वडा अध्यक्ष | श्री देवेन्द्रराज गिरी |
| सदस्य | वडा अध्यक्ष | श्री शैलेन्द्र लामा |
| सदस्य | वडा अध्यक्ष | श्री सुरज कुमार ~~के.सी.~~ पाध्याले |
| सदस्य | रेडक्रसको प्रतिनिधि | श्री |
| सदस्य | प्रहरी प्रतिनिधि | श्री |
| सदस्य | वरिष्ठ इञ्जिनियर | श्री कञ्चन खनाल |
| सदस्य | वरिष्ठ इञ्जिनियर | श्री विमोचन भण्डारी |
| सदस्य | पशु विकास अधिकृत | श्री करन बहादुर, अधिकृत |
| सदस्य | कृषि शाखा प्रमुख | श्री खेमराज वाग्ले |

निर्णय नं. १४

जनस्वास्थ्य कार्यालय, टेकु, काठमाडौंको प.सं. २०८१/०८२, च.नं. २६८, मिति २०८१/०६/०९ को पत्रबाट काठमाडौं जिल्लामा स्वास्थ्य प्रवर्द्धन केन्द्र (व्यायामशाला), स्थापना गरी सञ्चालन गर्नको लागि यस नगरपालिका क्षेत्रभित्र पर्ने स्वास्थ्य संरचना निर्माण गर्नको लागि पार्क/सार्वजनिक स्थलको छनौट गर्नको लागि लेखि आएकोले यस नगरपालिका अन्तर्गत तपसिलमा उल्लेखित ३ वटा स्थानहरू छनौट गरी पठाउने निर्णय गरियो ।

तपसिल:

१. वडा नं. १, पर्यटन पदमार्ग

२. वडा नं. ५, छग्डोल गणेशस्थान मन्दिर नजिक

३. वडा नं. ६, फस्कु चोक